बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बाघखोर, नुवाकोट ।

## रोजगार संयोजक करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः-२०७७/०५/२२)

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/७८ च.नं. १४४ को मिति २०७७/०२/१८ को पत्रानुसार तथा यस नगरपालिकाको मिति २०७७/०५/२१ को निर्णयानुसार यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७।७८ | रोजगार संयोजक | अधिकृत छैटौ सरह | १ |

१.आवश्यक न्यूतम योग्यता र अनुभवः-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

(ख) उमेरः- कम्तीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

२. दरखास्त दिने स्थानः- बेलकोटगढी नगरपालिकाको कार्यालय (प्रशासन शाखा), बाघखोर, नुवाकोट ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७७/०६/०५ साँझ ५ बजे सम्म ।

४. आवेदनको दस्तुरः- रु. १०००।- ।

५. छनौटको किसिमः-प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लव्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- *रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७६ बमोजिम ।*

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड,२०७६को दफा १४ मा तोकिए बमोजिम तथा कार्यालयले तोकेका अन्य कार्यहरु ।

९. परिक्षाको मितिः सम्पर्क मिति (२०७७ आश्विन ६गते) तोकिने छ ।

नोट- आवेदन ढाँचा र रोजगार संयोजक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np उपलब्ध छ । साथै नगरपालिकाको प्रशासन शाखाबाट समेत उपलब्ध हुनेछ ।

२०७७/०५/२२
शिवराम अधिकारी
अधिकृत (सातौं)